नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

मिति : २०७८/१२/२४

निगमको RA-402 बैंकक काठमाडौं नियमित उडानमा रहेको न्यारोवडी (9N-AKW) विमान १ अप्रिल २०२२ मा बैंककको सुवर्णभूमि अन्तर्राष्ट्रिय विमानस्थलबाट टेक अफ (Take off) गर्ने क्रममा विमानको Wheel मा प्राविधिक समस्या देखिएपश्चात् पाइलटको सुझबुझपूर्ण निर्णय बमोजिम विमानलाई रोकी विमानका यात्रु तथा कार्गोलाई ओराली (Offload) विमानको प्राविधिक चेकजाँच गरिएको थियो । थाई एयरवेजका प्राविधिक टिमले उक्त विमानको ०४ वटै Wheel फेर्नुपर्ने सुझाव दिएअनुसार फेर्नुपर्ने आवश्यक Wheel हरु कतार एयरवेजको विमानमार्फत २ अप्रिल २०२२ को Flight बाट पठाई ०३ अप्रिलको विहान बैंकक पुऱ्याएर उक्त विमानको मर्मत गरिएको थियो । रद्द गरिएको उक्त उडानका १४१ यात्रुहरुलाई निगमको नियमित उडानबाट ४ अप्रिल २०२२ मा काठमाडौं ल्याइ सकिएको छ । मर्मत सम्पन्न भएको उक्त 9N-AKW विमान निगमको नियमित उडानको रुपमा ६ अप्रिलमा काठमाडौं अवतरण गरिसकेको छ ।

यस घटनालाई अध्ययन, अनुसन्धान गरि प्रतिवेदन पेश गर्ने गरि निगम व्यवस्थापनले Quality Assurance Department का निर्देशकको संयोजकत्वमा सात सदस्यीय एक उच्च स्तरीय छानविन उपसमिति गठन गरि उक्त उपसमितिले आफ्नो काम शुरु गरिसकेको छ ।

............................

अर्चना खड्का<br>
प्रवक्ता<br>
नेपाल वायुसेवा निगम